# मदिरा नियमहरू, २०३३

नेपाल राजपत्रमा प्रकाशित मिति

| संशोधन | २०३३।०२।१८ |
|---|---|
| १. मदिरा (पहिलो संशोधन) नियमावली, २०६५ | २०६५।०६।०३ |
| २. मदिरा (दोस्रो संशोधन) नियमावली, २०७४ | २०७४।०४।१० |
| ३. मदिरा (तेस्रो संशोधन) नियमहरु, २०८० | २०८०।०२।१५ |

मदिरा ऐन, २०३१ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः यी नियमहरूको नाम "मदिरा नियमहरू, २०३३" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमा,-

(क) "ऐन" भन्नाले मदिरा ऐन, २०३१ सम्झनु पर्छ।

[१](ख) "अन्तःशुल्क अधिकृत" भन्नाले अन्तःशुल्क ऐन, २०५८ को दफा ५ बमोजिम नेपाल सरकारले तोकेको अधिकृत सम्झनु पर्छ।

३. इजाजतपत्र लिनु पर्नेः (१) मदिराको उत्पादन, बिक्री वितरण वा निकासी पैठारी गर्न चाहने व्यक्तिले अनुसूची-१ बमोजिमको ढाँचामा [२]अन्तःशुल्क अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको दरखास्तमा [३]अन्तःशुल्क अधिकृतले आवश्यक जाँचबुझ गरी मनासिब देखेमा अनुसूची-२ बमोजिमको इजाजतपत्र दिन सक्नेछ।

[४]४. इजाजतपत्र दस्तुर र नवीकरण दस्तुरः मदिराको उत्पादन, बिक्री वितरण वा निकासी पैठारी गर्न दिइने इजाजतपत्र बापत लाग्ने दस्तुर र इजाजतपत्र नवीकरण दस्तुर अन्तःशुल्क नियमावली, २०५९ बमोजिम हुनेछ।

५. [५]................

[६]६. इजाजतपत्रको अवधि र नवीकरणः (१) इजाजतपत्रको अवधि एक आर्थिक वर्षसम्म कायम रहनेछ।

(२) इजाजतपत्र नवीकरण गराउन चाहने इजाजतपत्रवालाले उपनियम (१) बमोजिमको अवधि समाप्त भएपछि नियम ४ बमोजिमको दस्तुर सहित अनुसूची-१ बमोजिमको ढाँचामा अन्तःशुल्क अधिकृत समक्ष दरखास्त दिई श्रावण महिनाभित्र नवीकरण गराउनु पर्नेछ।

तर कुनै इजाजतपत्रवालाले चाहेमा तीन आर्थिक वर्षका लागि एकैपटक नवीकरण दस्तुर दाखिला गरी नवीकरण गराउन सक्नेछ।

(३) उपनियम (२) बमोजिमको अवधिभित्र इजाजतपत्र नवीकरण नगराउने [७]उत्पादन र पैठारी गर्ने बाहेकका इजाजतपत्रवालाले त्यस्तो अवधि नाघेको पहिलो तीन महिनाभित्र पच्चीस प्रतिशत, त्यसपछिको तीन महिनाभित्र पचास प्रतिशत, त्यसपछिको तीन महिनाभित्र पचहत्तर प्रतिशत र त्यसपछि असार मसान्तसम्मको अवधिको लागि शत प्रतिशत जरिवाना बुझाई नवीकरण गराउन सक्नेछ।

[८](४) उपनियम (२) बमोजिमको अवधिभित्र नवीकरण नगराउने उत्पादन र पैठारी गर्ने इजाजतपत्रवालाले नवीकरण बापत लाग्ने दस्तुर र त्यस्तो अवधि नाघेको पहिलो तीन महिनाभित्र भए नवीकरण दस्तुरको पचास प्रतिशत र त्यसपछिको तीन महिनाभित्र शतप्रतिशत जरिवाना बुझाई इजाजतपत्र नवीकरण गराउन सक्नेछ।

[९](४क) उपनियम (३) बमोजिमको अवधिभित्र पनि नवीकरण नगराउने इजाजतपत्रवालाको इजाजतपत्र स्वतः खारेज हुनेछ।

(५) कुनै व्यक्तिले उपनियम (१) बमोजिमको इजाजतपत्र नलिई कारोबार गरेमा इजाजतपत्र बापत र सोको नवीकरण बापत लाग्ने दस्तुर असुल उपर गरी प्रचलित कानून बमोजिमको जरिवाना समेत बुझाउनु पर्नेछ।

[१०]७. इजाजतपत्र लिनु नपर्ने: नियम ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा इजाजतपत्र लिनु पर्ने छैनः-

(क) कूटनीतिक सुविधा वा महसुल सुविधा प्राप्त व्यक्तिले विदेशी मदिरा पैठारी गर्न,

(ख) कुनै विदेशी वा स्वदेशी यात्रुले विदेश भ्रमणबाट आफ्नो साथमा [११]अर्थ मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको परिमाणको मदिरा लिई आउन,

(ग) नमूना परीक्षण तथा अध्ययन अनुसन्धानका लागि विभागले तोकेको [१२]परिमाणसम्म निकासी वा पैठारी गर्न,

(घ) कुनै व्यक्तिले निजी उपयोगका लागि एक पटकमा पाँच लिटरसम्म रक्सी र दश लिटरसम्म जाँड बनाउन,

तर,

(१) यसरी रक्सी र जाँड वर्षको ६ पटकभन्दा बढी बनाउन पाइने छैन।

(२) यसरी रक्सी र जाँड बनाउने व्यक्तिले त्यसको सूचना अन्तःशुल्क अधिकृतलाई दिनु पर्नेछ।

८. [१३]...............

९. [१४]...............

१०. <u>मदिरा बिक्री वितरण गर्ने समयः</u> इजाजतपत्र प्राप्त व्यक्तिले बिहान १० बजेदेखि राती १० बजेसम्म मात्र मदिरा बिक्री वितरण गर्न पाउनेछ।

तर, नेपाल सरकारले आवश्यक सम्झे बमोजिमको ठाउँको लागि सो समयमा हेरफेर गर्न वा सो बन्देजलाई हटाउन सक्नेछ।

११. <u>मदिरा बिक्री गर्न नहुनेः</u> अन्तःशुल्क अधिकारीले मनाही गरेको स्थान वा पसलमा मदिराको बिक्री वितरण गर्न पाउने छैन।

[15]अनुसूची–१

(नियम ३ को उपनियम (१) र नियम ६ को उपनियम (२) सँग सम्बन्धित)

इजाजतपत्र तथा नवीकरणका लागि दिइने दरखास्तको ढाँचा

| रू.५ को टिकट |
|---|

श्रीमान् प्रमुखज्यू,
आन्तरिक राजस्व कार्यालय/को.ले.नि.का., ............. ।

मैले/हामीले मदिराको देहायमा उल्लिखित कार्य गर्नका लागि देहायका कागजात, विवरण र इजाजतपत्र दस्तुर संलग्न राखी इजाजतपत्र पाउन/नवीकरणको लागि यो निवेदन पेश गरेको छु/गरेका छौं। उल्लिखित विवरण र तथ्य मैले/हामीले जानेबुझेसम्म ठीक छन्।

(१) इजाजतपत्रको प्रकारः (आफूले लिनु पर्ने इजाजतपत्रको प्रकारमा ✔ (ठीक) लगाउनु होस्)

| इजाजतपत्र प्रकार | उत्पादन | पैठारी | बिक्री | सञ्चय | अन्य |
|---|---|---|---|---|---|
| नयाँ | | | | | |
| नवीकरण | | | | | |
| कारोबारको नाम | | | | | |

(२) व्यक्ति/प्रतिष्ठानको नामः

| | | | | | | |
|---|---|---|---|---|---|---|
| नेपाली | | | | | | |
| अङ्ग्रेजी | | | | | | |
| व्यक्ति भए निजकोः | पति/पत्नीको नामः | | बाबुको नामः | | बाजे/ससुराको नामः | |

(३) दर्ता विवरणः

| स्थायी लेखा नम्बर | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|

कार्यालयको नाम :

| व्यवसाय दर्ता मिति | कार्यालय र स्थान | दर्ता नं. |
|---|---|---|
| | | |

| कारोबार सुरु भएको मिति | नवीकरण हुनु पर्ने आ.व. |
|---|---|
| २० / / | २० / / |

(४) मुख्य कार्यालयको ठेगानाः

| | स्थानः | पत्राचार गर्ने ठेगानाः |
|---|---|---|
| घर नं.(ब्लक नं.) | | |
| वडा नं. | | |
| टोल | | |
| ☐ म. ☐उ.म.न.पा. ☐न.पा. ☐गा.पा. | | |
| जिल्ला | | |
| क्षेत्र | | |
| टेलिफोन नं. | | पो.ब.नं. |
| फ्याक्स नं. | | इमेल |

(५) कारोबारको मुख्य स्थान :

(मुख्य कार्यालय भन्दा फरक भएमा मात्र)

| | स्थानः | पत्राचार गर्ने ठेगाना |
|---|---|---|
| घर नं.(ब्लक नं.) | | |
| वडा नं. | | |
| टोल | | |
| ☐ म. ☐उ.म.न.पा. ☐न.पा. ☐गा.पा. | | |
| जिल्ला | | |
| क्षेत्र | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| टेलिफोन नं. | | | | | | पो.ब.नं. | | |
| फ्याक्स नं. | | | | | | इमेल | | |
| चार किल्ला | पूर्व | | पश्चिम | | उत्तर | | दक्षिण | |

(६) इजाजतपत्र दस्तुर/नवीकरण दस्तुर सम्बन्धी विवरणः–

| क.सं. | कारोबारको नाम/इजाजतपत्र प्रकार | दाखिला दस्तुर | जरिवाना | बैङ्क/कार्यालय | भौ.नं./र.नं. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

- कार्यालयमा दाखिला गरेको भए सोको प.सं. .............. मिति २० / /
- कुनै राजस्व बाँकी छ/छैन। छ भने ?

आयकरः

मू.अ.करः

अन्तःशुल्कः

अन्यः

(७) प्रबन्ध निर्देशक/प्रमुख सञ्चालक/कार्यकारी निर्देशकको :

(क) नाम पहिलो बीचको थर

| | | | |
|---|---|---|---|
| नेपाली | | | |
| अंग्रेजी | | | |

(ख) नियुक्ति मिति

(ग) राष्ट्रियता

(घ) परिचय गराउने अन्य कागजात

| कागजातको प्रकार | परिचयपत्र नं. | जारी गर्ने कार्यालय र | जारी गरेको मिति |
|---|---|---|---|
| | | | |

(ङ) ठेगानाः

स्थानः पत्राचार गर्ने ठेगानाः

| | | |
|---|---|---|
| घर नं.(ब्लक नं.) | | |
| वडा नं. | | |
| टोल | | |
| ☐ म. ☐उ.म.न.पा. ☐न.पा. | | |
| जिल्ला | | |
| क्षेत्र | | |
| टेलिफोन नं. | | पो.ब.नं. |
| फ्याक्स नं. | | इमेल |

निवेदकको–

दस्तखतः

नामः

पदः

संस्थाको छापः

(८) कार्यालय प्रयोजनको लागिः

| | | |
|---|---|---|
| ............................... इजाजतपत्र | आ.व. ......................... का लागि स्वीकृत भएको छ। | |
| ............................... इजाजतपत्र | आ.व. ........................ का लागि नवीकरण भएको छ। | |
| ............. इजाजतपत्रका लागि भौ.नं. .......... र.नं. ......... बाट रु. ......... दस्तुर र रु. .......... थप दस्तुर (जरिवाना) दाखिला भएको छ। | | |
| पेश गर्नेः | सिफारिस गर्नेः | सदर गर्नेः |
| मितिः | | |

[१६]अनुसूची–२

(नियम ४ सँग सम्बन्धित)

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

फोटो

इजाजतपत्र

| सङ्केत नं. | | | | स्थायी लेखा नं. | | | | | | | | | | इजाजत नं. | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | | | | | | |

आन्तरिक राजस्व कार्यालय :

मदिरा उत्पादन/खरिद/बिक्री/निकासी/ पैठारी/सञ्चय गर्न वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्न देहायका शर्त पालना गर्ने गरी यो इजाजतपत्र दिइएको छ। मदिरा ऐन, २०३१ तथा मदिरा नियमावली, २०३३ मा उल्लिखित शर्त समेत पालना गर्नु पर्नेछ।

इजाजतपत्र पाउने प्रतिष्ठानको

नामः

ठेगानाः

सञ्चालकको नामः

सञ्चालकको स्थायी ठेगानाः

कारोबारको विवरणः स्वदेशी/विदेशी

कारोबारको किसिमः उत्पादक/वितरक/थोक विक्रेता/खुद्रा बिक्रेता

निकासी/पैठारी/रेष्टुरेण्ट/डिपार्टमेण्टल स्टोर/होटल

इजाजतपत्र पाउनेको

दस्तखतः................

इजाजतपत्र जारी गर्ने अधिकारीको

दस्तखतः...................

नामः....................

दर्जाः....................

..............................................................................

कृपया अन्य जानकारीको लागि पछाडि हेर्नु होला।

(क) <u>इजाजतपत्रवालाले पालना गर्नु पर्ने शर्तहरू</u>

१. इजाजतपत्र प्रत्येक आर्थिक वर्षको असार महिनाभित्र नवीकरण गराइसक्नु पर्नेछ।
२. इजाजतपत्र सबैले देख्ने गरी कारोबार स्थलमा राख्नु पर्नेछ।
३. डिपार्टमेण्टल स्टोरले मदिराजन्य पदार्थ बिक्री गर्ने प्रयोजनको लागि अलग्गै बिक्री कक्षको व्यवस्था गर्नु पर्नेछ।
४. प्रत्येक बोतलमा बिर्को र बोतलमा पर्ने गरी अन्तःशुल्क टिकट टाँसी निकासी गर्नु पर्नेछ।
५. बिहान १०:०० बजेदेखि राती १०:०० बजेसम्म मात्र मदिरा बिक्री वितरण गर्नु पर्नेछ।
६. अठार वर्ष उमेर नपुगेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न पाइने छैन।
७. मदिरा खरिद बिक्री गर्नेले मदिरा खरिद बिक्री गरेको बीजक राख्नु पर्नेछ।
८. इजाजतपत्रवालाले प्रत्येक बोतलमा अन्तःशुल्क टिकट टाँसेको मदिरा मात्र बिक्री गर्नु पर्नेछ। अन्तःशुल्क टिकट नरहेको सामान खरिद बिक्रीको लागि राखेको पाइएमा त्यस्तो वस्तु जफत गरी बिक्रेतालाई कानून बमोजिम दण्ड जरिवाना हुनेछ।
९. अन्तःशुल्क ऐन, २०५८ तथा मदिरा ऐन, २०३१ र सो अन्तर्गत बनेका नियम तथा निर्देशिकामा उल्लिखित प्रावधानहरूको पालना गर्नु पर्नेछ।

(ख) <u>बण्डेड वेयर हाउस र करमुक्त पसलले पालना गर्नु पर्ने शर्तहरूः</u>

१. कूटनीतिक सुविधा प्राप्त व्यक्ति, संस्था वा नियोगलाई बण्डेड वयर हाउसबाट नै बिक्री गर्नु पर्नेछ।
२. करमुक्त पसलले बैङ्क ग्यारेन्टीको सुविधामा आयात गरेको मालसामानको विवरण मासिक विवरण सँगै बुझाउनु पर्नेछ।

३. बण्डेड वयर हाउसमा भन्सार बिन्दुबाट भित्र्याउँदा र बिक्रीका लागि गोदामबाट बाहिर निकाल्दा खटिएको अन्तःशुल्क कर्मचारीको रोहबरमा मात्र भित्र्याउने र निकाल्ने गर्नु पर्नेछ।

४. आगमन तथा प्रस्थान दुवैतर्फ बिक्री गर्दा हरेक व्यक्तिको छुट्टाछुट्टै बीजक बनाउनु पर्ने र सोमा पासपोर्ट नम्बर, राष्ट्रियता तथा फ्लाइट नम्बर उल्लेख गर्नु पर्नेछ।

<u>नवीकरण सम्बन्धी विवरण</u>

| **नवीकरण गरेको मिति** | **आर्थिक वर्ष** | **नवीकरण गर्ने अधिकृतको दस्तखत** | **कैफियत** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

द्रष्टव्यः (क) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रूपान्तर भएका शब्दहरू "श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार"।

(ख) पहिलो संशोधनद्वारा रूपान्तर भएका शब्दहरू "अनुमतिपत्र" र "अन्तःशुल्क अधिकारी" भन्ने शब्दहरूको सट्टा क्रमशः "इजाजतपत्र" र "अन्तःशुल्क अधिकारी" ।

## अन्त्य टिप्पणी

---

[१] पहिलो संशोधनद्वारा संशोधित। मूल नियमको व्यवस्थाः (ख) "अन्तःशुल्क अधिकारी" भन्नाले अन्तःशुल्क विभागको निर्देशक, श्री ५ को सरकारले नियुक्त गरेको वा तोकेको अन्तःशुल्क अधिकारी र निज नभएको ठाउँमा भन्सारको हाकिम र निज पनि नभएको ठाउँमा माल अड्डा वा कोष तथा तहसील कार्यालयको हाकिमलाई सम्झनु पर्छ।"

[२] तेस्रो संशोधनद्वारा संशोधित। साविकमा "अन्तःशुल्क अधिकारी" भन्ने शब्दहरु रहेका।

[३] तेस्रो संशोधनद्वारा संशोधित। साविकमा "अन्तःशुल्क अधिकारी" भन्ने शब्दहरु रहेका।

[४] पहिलो संशोधनद्वारा संशोधित। मूल नियमको व्यवस्थाः "४. अनुमतिपत्रको दस्तुरः देहायको कामको लागि अनुमतिपत्रको लागि देहायको दस्तुर लाग्नेछः–

| | |
|---|---|
| (क) मदिरा उत्पादन गर्न | रु. २५०।– |
| (ख) डिष्टिलरीबाट उत्पादन भएको मदिरा बोतल बन्दी बिक्री वितरण गर्न प्रत्येक पसललाई | रु.३००।– |
| (ग) डिष्टिलरीबाट उत्पादन भएको मदिरा बोतल खोली बिक्री वितरण गर्न प्रत्येक पसल वा होटललाई | रु.५००।– |
| (घ) विदेशी मदिरा बोतल बन्दी बिक्री वितरण गर्न प्रत्येक पसल वा होटललाई | रु.१०००।– |
| (ङ) विदेशी मदिरा बोतल खोली बिक्री वितरण गर्न प्रत्येक पसल वा होटललाई | रु.२०००।– |
| (च) विदेशी मदिरा पैठारी गर्न | रु.१०००।– |
| (छ) डिष्टिलरीबाट उत्पादित मदिरा निकासी गर्न | रु.१०००।– |

तर,

(१) कूटनीतिक सुविधा वा महसुल सुविधा प्राप्त व्यक्तिले विदेशी मदिरा पैठारी गर्नलाई अनुमतिपत्र लिनु पर्ने छैन।

(२) कुनै विदेशी वा स्वदेशी यात्रुले विदेश भ्रमणबाट आफ्नो साथ तीन बोतलसम्म रक्सी वा बाह्र बोतलसम्म बियर लिएर आउन अनुमतिपत्र लिनु पर्ने छैन।

[५] पहिलो संशोधनद्वारा खारेज। मूल नियमको व्यवस्थाः "५. नवीकरण दस्तुरः यी नियमहरु बमोजिम प्राप्त अनुमतिपत्र नवीकरण गर्दा अनुमतिपत्र बमोजिमकै दस्तुर लाग्नेछ।"

[६] पहिलो संशोधनद्वारा संशोधित। मूल नियमको व्यवस्थाः "६. अनुमतिपत्रको अवधि र नवीकरणः (१) नियम ३ बमोजिम जारी गरिएको अनुमतिपत्र एक आर्थिक वर्षसम्म बहाल रहनेछ र सो अवधि भुक्तान हुनुभन्दा एक महिना अगावै अर्को आर्थिक वर्षको लागि नवीकरण गराउनु पर्नेछ।

(२) उपनियम (१) मा तोकिएको म्यादभित्र अनुमतिपत्र नवीकरण गराउन नसकेमा अनुमतिपत्र गराउन नसकेको कारण अन्तःशुल्क अधिकारीलाई मनासिब लागेमा देहायको अवधिको लागि देहाय बमोजिमको थप दस्तुर लिई नवीकरण गरिदिन सक्नेछः–

(क) नवीकरण गर्ने म्याद नाघेको पैंतीस दिनसम्म नवीकरण दस्तुरको सयकडा पच्चीस,

(ख) नवीकरण गर्ने म्याद नाघेको पैंतीस दिनदेखि तीन महिनासम्म नवीकरण दस्तुरको सयकडा पचास,

(ग) नवीकरण गर्ने म्याद नाघेको तीन महिनादेखि छ महिनासम्म नवीकरण दस्तुरको सयकडा पचहत्तर, र

(घ) नवीकरण गर्ने म्याद नाघेको छ महिनादेखि सोही आर्थिक वर्षको अन्तसम्म नवीकरण दस्तुर सरह।"

७ तेस्रो संशोधनद्वारा थप।

८ तेस्रो संशोधनद्वारा संशोधित। साविकको व्यवस्थाः "(४) उपनियम (३) मा तोकिएको अवधि समाप्त भएपछि नवीकरण गराउन चाहेमा नवीकरण बापत लाग्ने नियम ४ बमोजिमको दस्तुरमा प्रत्येक आर्थिक वर्षको लागि शतप्रतिशत थप इजाजतपत्र नवीकरण दस्तुर र बक्यौता रकम समेत बुझाई इजाजतपत्र नवीकरण गराउन सक्नेछ।"

९ तेस्रो संशोधनद्वारा थप।

१० पहिलो संशोधनद्वारा संशोधित। मूल नियमको व्यवस्थाः "७. अनुमतिपत्र लिनु नपर्नेः नियम ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले वा निजी उपयोगको लागि एक पटकमा पाँच लिटरसम्म रक्सी र दश लिटरसम्म जाँड बनाउनेलाई अनुमतिपत्र लिनु पर्ने छैन। कुनै व्यक्तिले यसरी रक्सी वा जाँड वर्षको ६ पटकभन्दा बढी बनाउन पाउने छैन।

तर यसरी रक्सी वा जाँड बनाउने व्यक्तिले त्यसको सूचना अन्तःशुल्क अधिकारीलाई दिनु पर्नेछ।

११ दोस्रो संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि "तीन बोतलसम्म रक्सी र बाह्र बोतलसम्म बियर लिई आउन," भन्ने शब्दहरु रहेका।

१२ दोस्रो संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि "परिमाणसम्म पैठारी गर्नु "भन्ने शब्दहरु रहेका।

१३ पहिलो संशोधनद्वारा खारेज। मूल नियमको व्यवस्थाः "८. उत्पादनको अनुमतिपत्र नदिनेः डिष्टिलरी वा मद भट्टीको ठेक्का बन्दोबस्त भएको ठाउँमा मदिरा उत्पादन गर्न अनुमतिपत्र दिइने छैन।"

१४ पहिलो संशोधनद्वारा खारेज। मूल नियमको व्यवस्थाः "९. विशेष व्यवस्थाः (१) प्रचलित कानून बमोजिम भट्टी वा डिष्टिलरीबाट रक्सी उत्पादन गर्न ठेक्का वा अनुमतिपत्र प्राप्त गरेको व्यक्तिले वा निजको एजेण्टले भट्टी वा डिष्टिलरीबाट उत्पादन गरेको रक्सी बिक्री वितरण गर्न पसल खोल्न चाहेमा त्यस्तो प्रत्येक पसलको निमित्त अन्तःशुल्क अधिकारीबाट अनुमति प्राप्त गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त अनुमतिपत्र एक आर्थिक वर्षसम्म बहाल रहनेछ र सो आर्थिक वर्ष अन्त हुनुअगावै अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको अनुमतिपत्रको लागि पचास रुपैयाँ दस्तुर लाग्नेछ र सो नवीकरण गर्दा पनि अनुमतिपत्र सरह दस्तुर लाग्नेछ।"

[१५] पहिलो संशोधनद्वारा अनुसूची संशोधित।

[१६] पहिलो संशोधनद्वारा अनुसूची संशोधित।

**नोटः यस पुस्तकमा उल्लिखित संशोधनको सम्बन्धमा कुनै द्विविधा भएमा सम्बन्धित सालको संशोधन नियमावली प्रकाशन भएको नेपाल राजपत्र हेर्नुहुन अनुरोध गरिन्छ।**